आज मिति २०७८ जेठ ३० गते प्रमुख जिल्ला अधिकारी श्री मनमाँया भट्टराई पंगेनीको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को वैठक बसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति**

प्र.जि.अ. श्री मनमाँया भट्टराई पंगेनी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

स.प्र.जि.अ. श्री मोहन बहादुर थापा, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख सेनानी श्री शारदा भक्त माटांगुलु, श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण, नवलपरासी (व.सु.पू.)

प्र.उ. प्रकाश मल्ल , जिल्ला प्रहरी कार्यालय, नवलपरासी (व.सु.पू.)

उप.अनु.नि.श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जि.का.न.प.(व.सु.पू.)

स.प्र.ना.उ. श्री विर भद्र नाथ, स.प्र.वल नेपाल नं. ३१ गुल्म न.प. (ब.सु.पू.)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय, न.प. (ब.सु.पू.)

मे.सु. डा. वीर बहादुर थापा, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

प्र.अ. श्री आनन्द शर्मा भुसाल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्र.नि.श्री लक्ष्मी पाण्डे खनाल, ईलाका प्रहरी कार्यालय,गैडाकोट नवलपरासी (व.सु.पू.)

अध्यक्ष श्री डासुराज पोख्रेल, नवलपुर उद्योग बाणिज्य संघ

सभापति श्री मदनभक्त अधिकारी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा न.प.(व.सु.पू.)

ल्या.अ.श्री खरेल प्रसाद चौधरी , स्वास्थ्य नवलपरासी (व.सु.पू.)

क.अ. श्री तारा देवी अर्याल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

**निर्णय नं. १ :**

विश्वव्यापी रुपमा फैलिएको नया भेरियन्ट सहितको कोभिड-१९ यस जिल्लामा समेत तिब्र रुपमा फैलदै गैरहेको हुँदा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि शुरु भई मिति २०७८।०२।३१ गते सोमबार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी भएकोमा संक्रमणको जोखिम न्यून भई नसकेकोले सो निषेधाज्ञालाई निरन्तरता दिदै मिति २०७८।०२।३१ गते सोमबार रातको १२:०० बजे देखि मिति २०७८।०३।०७ गते सोमबार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :**

यस जिल्लामा मिति २०७८।०२।२६ गते देखि ६२-६४ वर्ष उमेर समुहकालाई प्राप्त भएको खोप उल्लिखित समुहकालाई लगाई बाकी रहेको खोप अग्रपंतिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी,जनसम्पर्क बढी हुने कार्यालयका कर्मचारीहरु र अग्रपंतिमा रही समाचार संकलनमा खटिने सञ्चारकर्मीलाई प्राथमिकताको आधारमा खोप लगाउने निर्णय गरियो।

**निर्णय नं. ३ :**

नेपाल सरकारले कोभिड -१९ संक्रमणको विद्यमान अवस्थामा पनि आर्थिक क्षेत्रलाई चलायमान गराउने नीति रहेको सन्दर्भमा नीजि क्षेत्र तथा उद्योग वाणिज्य संघ लगायतका क्षेत्रबाट आएका सल्लाह तथा सुझावलाई मध्येनजर गरी निकट भविष्यमा खुल्ला गरिने बजार तथा आर्थिक क्षेत्रलाई पूर्व तयारी गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं. ४ :**

कोभिड-१९ को तेस्रो लहर फैलन सक्ने सम्भावनालाई मध्यनजर राखी बालबालिकाको उपचारको लागि सबै अस्पतालले २०% वेड छुट्याउने। नीजि क्षेत्र, आम नागरिकबाट अक्सिजन अभावको समयमा सिलिण्डर उपलब्ध गराई सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिदै आवश्यकता र औचित्यको आधारमा बजारबाट प्राप्त भएको सिलिण्डर क्रमश फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०२।२३ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। जिल्लामा मिति २०७८ बैशाखको सुरुदेखि हालसम्म कोभिड-१९ का जम्मा संक्रमित ४०६१ जना, निको हुने ३३०३ जना, मृत्यु हुने ६५ जना र हाल सक्रिय संक्रमितको संख्या ६९३ जना मध्ये अस्पतालमा हाल उपचाररत ३७ जना रहेको। कुल संक्रमितको १७% हाल सक्रिय रहेको, १.६% मृत्यु भएका, ८१.४% निको भएका। सक्रिय संक्रमित मध्ये ५.३% अस्पतालमा उपचाररत रहेका र ९४.७% होम आइसोलेसनमा सामान्य अवस्थामा रहेका। जिल्लामा कोरोनाको संक्रमण दर घट्दो क्रममा रहेको भएतापनि संक्रमणको जोखिम यथावत रहेको महसुस गरियो।